# Global Nepali

For Nepali By Nepali

Issue 7 June — August 2011

अंक ७ जेठ १६ २०६८ – भाद्र १४ २०६८


| | |
|---|---|
| Brief Highlights of the 6th Regional Conference | २ |
| आइसिसिको २८ औं बैठक सम्पन्न | ३ |
| पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलन | ४ |
| दोहोरो नागरिकता सम्बन्धि उच्च स्तरीय प्रतिनिधि मण्डलको भेटघाट कार्यक्रम | ४ |
| गैरआवासीय नेपाली संघका प्रतिनिधिहरुको उपप्रधान एवं परराष्ट्रमन्त्रीसंग भेटघाट | ५ |
| खुला विश्वविद्यालय | ६ |
| गैरआवासीय नेपालीहरुको सामुहिक लगानी कोष | ६ |
| राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रमहरु | ७-११ |


गैरआवासीय नेपाली संघ सचिवालय

टेकु, काठमाडौं

फोन नं. ९७७ – ०१ – ४२१५२४७; ४२६२२५५

इमेलः nrn@nrn.org.np

contact@nrn.org.np

वेभसाइटःwww.nrn.org.np

आदरणीय पाठक वृन्दः

नमस्कार !

गैरआवासीय नेपाली संघ सचिवालयले प्रकाशनमा ल्याउने गरेको समाचार पत्र (E-News Letter) को छैठौं अंक यहाँहरु समक्ष राखेका छौं । यहाँहरुबाट यस न्यूजलेटरको सम्बन्धमा सुझावको स्वागत गर्दछौं । २०११ जुन १ देखि २०११ अगष्ट ३१ सम्म भएका महत्वपूर्ण कामहरुका समाचारहरु यस अंकमा समावेश गरिएका छन् ।

सचिवालयबाट निस्कने यस समाचार पत्रलाई हामीहरुले सुधार गर्दै लैजानु पर्ने धेरै ठाउँहरु छन् तसर्थ यहाँहरुको सृजनशील सुझावहरुको सधैं अपेक्षा गर्दछौं । यस अंकमा समावेश भएका सामग्रीहरु बारे जिज्ञासाहरु भए **webmaster@nrn.org.np** पठाउनु हुन हार्दिक अनुरेध गर्दछौं ।

यस अंकमा निम्न विषयलाई समेटेका छौः

- छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन मस्कोमा सम्पन्न
- आईसिसिको २८ औ वैठक
- पाँचौ गैरआवासीय नेपाली सम्मेलनको पूर्व तयारी
- नागरिकता सम्बन्धि उच्च स्तरीय प्रतिनिधि मण्डलको भेटघाट कार्यक्रम
- गैरआवासीय नेपाली संघका प्रतिनिधिहरुको उपप्रधान एवं परराष्ट्रमन्त्रीसंग भेटघाट
- खुला विश्वविद्यालय
- गैरआवासीय नेपालीहरुको सामुहिक लगानी कोष
- राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रमहरु

अन्य नछुट्नु पर्ने कुराहरु छुटेका भए सुझाव र सान्दर्भिकताका आधारमा समावेश गर्ने छौं । त्रुटिहरु भए औंल्याइ दिन हुन सादर अनुरोध गर्दछौं ।

धन्यवाद !

गैरआवासीय नेपाली संघ सचिवालय

## Brief Highlights of the 6th Regional Conference

The 6th Non Resident Nepali Regional Conference was held from 23rd to 24th July in Moscow, Russia. The theme of the conference was "Strengthening NRN Network – Promoting Nepal". Altogether, there were 417 participants from 25 countries. Nepal House was inaugurated on 24th July, 2011.

The chief guest of the conference was Hon. Deputy Prime Minister and Foreign Minister Mr. Upendra Yadav. The special guest of the conference was speaker of the Moscow State Duma Mr Platonov V.M.The conference was inaugurated by lighting the panas by the chief guests,Special guest and other distinguished guests. Mr. Jiba Lammichane, VP NRNA and Conference Coordinator welcomed all the participant and delegates of the conference. Hon. Mr. Jaya Ram Yadav, Member of Parliament, His Excellency Mr. Surya Kiran Gurung, Mr. Dev Man Hirachan, ICC President, Dr. Upendra Mahato, Chief Patron, Mr. Kush Kumar Joshi, past president FNCCI and NRNA also addressed the conference and put forward their views about the conference and the NRN movement.

The first session of the conference entitled Nepal's Economic Diplomacy and NRN's was chaired by the chief guest and co-chaired by the Chief Patron of NRNA Dr. Upendra Mahato. Ambassadors from Denmark, Germany, France, Russia, UK and permanent representative of UN, all expressed their support and the need to work together with the NRNAs but also mentioned lack of budget as the biggest hindrance. Dr. Mahato spoke about the need to clarify the differences between the definition of NRN made by GoN and NRN. DPM and FM expressed full support to the NRN movement from the GoN and instructed the foreign ministry officials to let NRNA use their physical resources.

Mr. Rameshwor Shah, Treasurer of NRN highlighted on the possibilities of creating a mutual investment mechanism for NRNs to invest in Nepal.

Mr. Tenzi Sherpa, Secretary of NRNA discussed about the various way of promoting and safe guarding the touristic heritage and the interest of the country.

Mr. Kiran Nepal, Chief Editor of Himal magazine and Mr. Sudheer Sharma Chief Editor of Kantipur Daily highlighted the need to make tangible the output of NRNs. They also emphasized on the need to register the institution.

The Second Plenary section entitled Promoting Nepal's Investment Potential was moderated by Mr. Ratan Jha, General Secretary and Chaired by Governor of NRB, Dr. Yubaraj Khatiwada. Three speakers from FNCCI, including Mr. Kush Kumar Joshi, immediate past president FNCCI, discussed and put forward their views about remittance, advertisement and infrastructure development. Mr. Ram Babu Nepal highlighted on Nepal's Economic Prosperity and the NRNs. NRNA ICC VP Mr. Jiba Lamichhane highlighted some issues and ways of collective investment in Nepal. FNJ President Shiva Gaunle and Naya Patriak chief editor Mr. Krishna Jawa Devekota also gave their input on NRNs, the press and dissemination of information.

The third plenary session was chaired by Mr. Dev Man Hirachan, ICC President and moderated by Mr. Rabindra Shrestha, Dy. RC Europe titled Strengthening NRN network. A perspective on strengthening NRN network and Promoting Nepal among American NRNs was presented by Mr. Prahlad Panta. Opportunities and challenges of NRNA was presented by NRNA advisor Ms. Indra Ban. Similarly, Women Affairs Coordinator, Ms. Usha Sharma and Youth Affairs Coordinator, Mr. Bhabani Oli reported on their respective fields. Dr. DK Dangol highlighted on various aspects of labor issues in the Middle East and its importance to NRNA.

The fourth plenary session on dual citizenship and safer foreign employment was held under the chair of Mr. Ram Thapa, co-chaired by Bishwakanta Mainali and moderated by RC Europe Capt. Hitman Gurung. Speakers Dr. Ragav Dhital, NRN UK, Roshan KC, NCC Japan, Narendra Bahadur Bhat, NCC Qatar, Bhakta Gurung NCC UK, Janaki Gurung, NCC Belgium put forward their views. Co-chair Mr. Bishwakanta Mainali explained in detail the probable outcome of this issue and NRN Patron Mr. Ram Thapa made the concluding remarks and informed the audience that this matter was already concluded but remained to be ratified by the constitution assembly. He also expressed the need to make a final visit to the concerned authorities in Nepal and take up the mater once again. During this session Dr. Upendra Mahato, Chief Patron, offered to establish a trust to help support the labor issues of the Gulf Regions or in countries where unskilled and semi-skilled employees are working.







Highlights of the 6th Regional Conference

Visit:- fifthnrngc.nrn.org.np

**NRNA Secretariat**

Teku, Kathmandu

PhNo.977-01-4215247,4262255

E-mail nrn@nrn.org.np

contact@nrn.org.np

The fifth plenary session on 24th July 2011 , Strengthening NRNA as a global organization with Mr. Bhim Udas as the chair and Capt. Hitman Gurung as the co-chair summarized the progress of each region which was presented by the Regional Coordinator and their representative of the different regions. Dr CB Gurung from UK spoke on some issues of Gurkhas. Dr Hemraj Sharma presented on the NRNA current issues and constitutional reforms.

Finally, words of appreciation were put forth by Dr. Mani Raj Pokharel, NRNA NCC Russia President and ICC President Mr. Dev Man Hirachan. The conference was summarized by Dr. Eka Narayan Chapagain and Dr. Jugal Bhurtel presented the declaration of the conference. President of FNCCI, Mr. Suraj Vaidhya, on the closing ceremony of the conference, made his remark and congratulated the NRNA for having successfully completed the 6th Regional Conference. The DPM and FM also made the concluding remarks and encouraged NRNs to continue to their efforts. He also stated that it was going to be very difficult to differentiate between Resident and Non-Resident Nepali emotionally because they equally love and respect Nepal.

The other important event of the conference was the inauguration of Nepal House in Kaluga regioan. The special guests of this ceremony were DPM and MOFA Mr Upendra Yadav and Vice Governor of Kaluga region.

### The following nine point declaration was made during the conference:

- The conference urged and requested all political parties to declare a constitution that represents the integrity and sovereignty of the country, protects and promotes multiparty democracy, human rights and bring the peace process to conclusion through continuous dialogs, understandings and co-operation.
- The chairman of Phulkumari Mahato Memorial Trust and the Chief Patron of NRNA Dr. Upendra Mahato declared a 5 crorer Endowment Fund to help develop and upgrade the skills of a family member of the employee who has been made disabled through accident during their tenure as employee abroad throughout the Middle East.
- As per the request of all Non-Resident Nepalese from all over the world the conference has urged the constitution assembly and all political parties to abolish the present practice of nullifying the Nepali Citizenship once a Nepali citizen acquires as foreign nationality keeping in spirit the practice of the saying " Once a Nepali always a Nepal ".
- Welcoming the appeal of the Nepal Government to Non-Resident Nepalese for investment in the hydropower sector, the conference reassured its commitment to act as a facilitator and mobilize the NRN through collective investment in this sector.
- This conference also declared to continuously support and work jointly with Nepal government, FNCCI and other related institution to promote personal and job security for the foreign employees of Middle East, Malaysia and other regions.
- The conference applauded the efforts made by the Non-Resident Nepalese to promote tourism in a long term and sustainable way by constructing the Nepal House and also urged others to do so. It also requested participation and support for the tourism promotion activities conducted every year in Belgium, UK, Australia, Germany and Japan and also urged other to do so.
- This conference highlighted the need to encourage and promote the participation of women, youth and the generation born outside Nepal in the NRN movement.
- The conference requested all NCCs to keep the spirit of the association as non-political, non-profit making organization dedicated to peace and prosperous Nepal through public service.
- The conference thanked NCC Russia and Nepalese community of Russia who worked hard to make this conference a successful event.

## आइसिसिको २८ औं वैठक सम्पन्न

२०११ जुलाई महिनाको २५ तारिखका दिन रुसको मस्कोमा गैरआवासी नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको २८ औं वैठक सम्पन्न भएको थियो । सो वैठकमा मस्कोमा संचालन भएको छैठौं गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन सफलता पूर्वक सम्पन्न भएकोमा आयोजक समितिलाइ धन्यवाद ज्ञापन गरिएको थियो । साथै उक्त वैठकमा काठमाडौंमा आयोजना हुने पाँचौ गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन बारे छलफल भएको थियो । यस बाहेक वैठकमा संघ सम्बन्धि अरु महत्वपूर्ण निर्णयहरु भएको थियो ।

## पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलन

पाँचौ गैरआवासीय नेपाली सम्मेलन नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा २०६८ असोज महिनको २५ देखी २७ गते सम्म काठमाडौंमा आयोजना हुनगैरहेको छ । यस सम्मेलनको मूल विषय "हाम्रो-संजाल-हाम्रो पहिचान : समृद्ध नेपाल" राखिएको छ । संघका अध्यक्ष देवमान हिराचनको संयोजकत्वमा गैरआवासीय नेपाली संघको आयोजक समिति र उपसमितिहरु गठन भएर सम्मेलन सम्बन्धि कार्यहरु संचालन भैरहेका छन् । सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्नको लागि चाडै नै नेपाल सरकार माननीय परराष्ट्र मन्त्रीज्यूको संयोजक्तवमा एक उच्च स्तरिय आयोग गठन हुनगैरहेको छ । यस उच्च स्तरीय समितिमा नेपाल सरकार, नेपाल उद्योग वाणिज्यम महासंघ, निजी क्षेत्रका उद्योगपति एवं व्यवसायीहरु, संघसस्थाहरु र प्रतिष्ठित व्यक्तिहरुको सहभागिता रहने छ । यस सम्मेलनमा विश्वभरीबाट करीव ७०० जाना जति गैरआवासीय नेपालीहरुको सहभागिता रहने विश्वास गरिएको छ । साथै नेपालबाट नेपाल सरकार, नेपाल उद्योग वाणिज्य महासंघ, विदेशी कुटनैतिकहरु, निजी क्षेत्रका उद्योगपति एवं व्यवसायीहरु, संघसस्थाहरु, प्रतिष्ठित व्यक्तिहरु एवं संचारकर्मीहरुको उपस्थिति रहने छ ।

## गैरआवासीय नेपाली संघको नागरिकतालाई निरन्तरता सम्बन्धी उच्चस्तरीय प्रतिनिधि मण्डलले नेपाल सरकार एवं प्रमुख राजनैतिक दलहरु एवं सभासदहरुसंग भेटघाट कार्यक्रम





२०११ अगष्ट ७ देखी ९ ( साउन २२–२४) सम्म गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनको नेतृत्वको टोलिले नेपालका सम्मानीय राष्ट्रपति डा. रामबरण यादव, प्रधानमन्त्री कार्यालय, संविधानसभाका अध्यक्ष सुवास नेम्वांङ्ग, उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री, संवैधानिक समितिका सभापति निलाम्बर आचार्य, मौलिक अधिकार तथा निर्देशक सिद्घान्त समितिका सभापति बिन्दा पाण्डे एवं सदस्यहरु, एकिकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, उपाध्यक्ष डा.बाबुराम भट्टराई, खिमलाल देवकोटा, नेपाली कांग्रेसका सभापति सुसिल कोइराला, संसदीय दलका नेता रामचन्द्र पौडेल, नेकपा एमालेका बरिष्ठ नेता माधबकुमार नेपाल, महासचिव इश्वर पोख्रेल र बरिष्ठ नेता के. पि शर्मा ओली, सभासद अग्नी खरेल, मधेशी मोर्चाको तर्फबाट तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर, हृदयस त्रिपाठी, लक्ष्मणलाल कर्ण लगायत राजनीतिक दलहरुको उच्च नेतृत्व संग भेट गरेका थिए ।

यि भेटघाटको मुख्य बिषय गैरआवासीय नेपालीहरुले आफ्नो नेपाली हुन पाउने अधिकारलाई सधैंको लागि सुनिश्चितका लागि नयाँ बन्ने संविधानमा गैरआवासीय नेपालीहरुको नागरिकता सम्बन्धि ब्यवस्था कायम गरिदिने बारे थियो। गैरआवासीय नेपाली संघको तर्फबाट नागरिकतालाई निरन्तरता दिने बारेमा बुझाईएको स्मरण पत्र र टोलीमा संलग्न ब्यक्तिहरुले त्यसै बिषयमा राख्रुभएको भनाई प्रति नेपाल सरकार, संविधानसभाका अध्यक्ष, संबैधानिक समितिका सभापति लगायत प्रमुख राजनीतिक दलका नेताहरुले यस विषयमा आफूहरु सकारात्मक भएको भन्दै संविधानमा उल्लेख गराउने

काममा पनि सक्रिय भुमिका खेल्ने आश्वासन दिनु भएको थियो ।

यसरी नै यहि टोलिले विदेशमा भिषा प्राप्त गरेका नेपाली कामदारहरुले नयाँ श्रम स्वीकृती लिनु पर्ने व्यवस्था, विदेशमा रहेका दूतावास भित्रै एनआरएन डेस्कको स्थापना तथा एनआरएनको परिभाषा बारे श्रम तथा यातायात व्यवस्था मन्त्री मोहमद इख्तेहाक राई, श्रम मन्त्रालयका अधिकारीहरु र परराष्ट्र मन्त्रालयका अधिकारीसंग छलफल गर्‍यो। त्यस क्रममा मन्त्री लगायत नेपाल सरकारका अधिकरीहरुको तर्फबाट एनआरएनले उठाएका कुरा जायज भएको भन्दै यस सम्बन्धि विषयमा सरकारले ध्यान पुर्‍याउने प्रतिवद्धता ब्यक्त गरेका थिए ।

सोही दिन गैरआवासीय नेपाली संघले नेपाल उद्योग वाणिज्य महासंघको भवनमा एक पत्रकार सम्मलेन आयोजना गरी भ्रमण बारे जानकारी गराएको थियो ।

उक्त प्रतिनिधि मण्डलमा संघका अध्यक्ष लगायत उपाध्यक्ष जीवा लामिछाने, सचिव तेञ्जी शेर्पा, कोषाध्यक्ष रामेश्वर शाह, संघका प्रमुख संरक्षक डा. उपेन्द्र महतो, संरक्षक भिम उदास, युरोपका क्षेत्रीय संयोजक हितमान गुरुङ्ग लगायत आइसिसिका सदस्यहरु, विभिन्न मुलुकबाट आउनु भएका एनसिसिका पदाधिकार एवं सदस्यहरु र गैरआवासीय नेपालीहरुको सहभागिता रहेको थियो । पत्रकार सम्मेलनमा गैरआवासीय नेपाली संघका प्रतिनिधि मण्डलका सहभागीहरुका साथै नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष सुरज वैद्य र बरिष्ठ उपाध्यक्ष भाष्कर राज राजकर्णिकारको उपस्थिति रहेको थियो ।

## गैरआवासीय नेपाली प्रतिनिधिहरुको उपप्रधानमन्त्री एवं परराष्ट्र मन्त्रीसंग भेटघाट कार्यक्रम



मिति २०६८ जेठ २६ का दिन गैरआवासीय नेपाली संघका अध्यक्ष देवमान हिराचनको नेतृत्वमा गएको टोलिले उपप्रधान मन्त्री एवं परराष्ट्र मन्त्रीसंग भेट गरेको थियो। मुख्यतया यस भेटघाट कार्यक्रम आगामी पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनमा केन्द्रीत रहेको थियो। संघका अध्यक्ष हिराचनले आगामी विश्व सम्मेलनको आयोजना बारे प्रकाश पार्नु भएको थियो। साथै उहाँले पहिलेको विश्वसम्मेलनहरुमा जस्तै नेपाल सरकारले यस सम्मेलन आयोजना गर्नकालागि आवश्यक सहयोग गरिदिन अनुरोध गर्नु भएको थियो। यसै गरी क्यानाडाका आइसिसि सदस्य एवं खुला विश्वविद्यालयका संयोज डा. प्रमोद ढकालले खुला विश्वविद्यालय बारे प्रकाश पार्नु भएको थियो। उहाले यस कार्यको लागि परराष्ट्र मन्त्रालयबाट सहयोगको लागि अनुरोध गर्नु भएको थियो।

यसै गरी संघका महासचिव रतन कुमार झा र संरक्षक भीम उदासले पाचौ विश्व सम्मेलन र खुला विश्वविद्यालय बारे थप जानकारी दिनु भएको थियो। यसै क्रममा नेपाल उद्योग वाणिज्य महासंघका महानिर्देशक डा. हेमन्त दवाडीले विगतमा आयोजना भएका विश्वसम्मेलनमा नेपाल सरकारबाट भएका सहयोगहरु बारे छोटो प्रकाश पार्नु भएको थियो। सोही अवसरमा परराष्ट्र मन्त्रालयका प्रतिनिधिहरुले संघको दर्ता बारे जिज्ञासा राख्नु भएको थियो। यस बारे संघका अध्यक्षले अब चाडै नै दर्ता प्रकृया टुगिंने जानकारी दिनु भएको थियो ।

छलफलकै क्रममा संघका अध्यक्ष देवमान हिराचन र महासचिव रतन झाले मस्कोमा आयोजना हुन गैरहेको गैरआवासीय नेपाली क्षेत्रीय सम्मेलन बारे जानकारी दिनु भएको थियो।

उपप्रधान्मन्त्री एवं परराष्ट्र मन्त्री यादवले पहिलेका विश्व सम्मेलनमा जस्तै यस सम्मेलनलाई त्यहाँबाट आवश्य सहयोग हुने जानकारी दिनु भयो। उहाँले यसका लागि चाडै नै उच्चस्तरीय आयोग गठनको लागि पहल गरिने विश्वास पनि दिलाउनु भयो। साथै उहाँले खुला विश्वविद्यालयको लागि परारष्ट्र मन्त्रालयबाट हुन सक्ने सहयोग उपलव्ध गराउने बारेमा पनि प्रष्ट पार्नु भएको थियो ।

यस कार्यक्रममा परराष्ट्र मन्त्रालयबाट एनआरएन डेस्क हेर्ने सहसचिव सेवा लम्साल अधिकारी, उपसचिव शुसिल लम्साल

सहभागी हुनुहुन्थ्यो भने गैरआवासीय नेपालीहरुमा एनसिसि फ्रान्सका अध्यक्ष अशोक न्यौपाने, एनसिसि बहराइनका अध्यक्ष श्याम तामाङ्ग र जापानका एनआरएन अर्जुन अधिकारीका साथै गैरआवासीय नेपाली संघका कार्यकारी निर्देशक राजेश शम्शेर राणाको सहभागति रहेको थियो।

त्यस पछि परराष्ट्र सचिवको कार्यालयमा सचिव मदन कुमार भट्टराईसंग माननीय उपप्रधानमन्त्री एवं परराष्ट्र मन्त्री संग भएको छलफल बारे जानकारी गराईएको थियो। उहाँले आउने विश्वसम्मेलनका लागि मन्त्रालयबाट आवश्यक सहयोग हुने जानकारी दिनु भएको थियो।

## खुला विश्वविद्यालय

खुला विश्व विद्यालय स्थापनकाको लागि आवश्यक पहलहरु भैरहेका छन् । क्यानाडाका आइसिसि सदस्य एवं खुला विद्यालय परियोजनाका संयोजक डा प्रमोद ढकालले नेपाल सरकार शिक्षा सम्बन्धि सरोकारवालाहरुसंग समय समयमा भेटघाट गरी यस विषयमा जानकारी गराइ रहनु भएको छ । खुला विश्व विद्यालय सम्बन्धि वृहत छलफल कार्यक्रम पाँचौ गैरआवासीय नेपाली विश्व सम्मेलनको अवसर पारेर यही आउदो अक्टोवर ११ तारिखका दिन काठमाडौंमा आयोजना हुने भएको छ । यस बारे आवश्यक तयारीहरु भैरहेका छन् ।

### Athabasca University Donates Twenty Laptop Computers for Initiative for Open University of Nepal



*26 August, Edmonton, Alberta*: Athabasca University donated twenty (20) laptop computers to NRN-Canada in support of the Initiative for Open University of Nepal (OUN) in Edmonton. The OUN Initiative is a joint effort between NRNA, NRN-Canada, Canada Foundation For Nepal (CFFN), Government of Nepal and Athabasca University to establish an Open University in Nepal.

Dr. Mohamed Ally, Professor and Director of Center for Distance Education, Athabasca University handed over the laptop computers to NRN-Canada officers at the premises of Athabasca University learning center in Edmonton. NRN-Canada President Dr. Binod KC, Nepalese Canadian Society of Edmonton (NECASE) President Mr. Mohanath Acharya, NECASE General Secretary and NRN-Canada National Coordination Council Member (NCC), Mr. Naba Raj Adhikari, NECASE Advisor Mr. Rameshwar Adhikari, and NECASE and NRN-Canada volunteer Mr. Suresh Joshee were present at the handover of the laptop computers.

## गैरआवासीय नेपालीहरुको सामूहीक लगानी सम्बन्धमा

उच्चस्तरीय समुहिक लगानी कोष संचालन सुझाव समितको मिति २०६८ असार २८ गतेको वैठकले गैरआवासीय नेपालीहरुको पूँजी एकिकृत गरी नेपालमा सामुहिक लगानी कोष वा अन्य प्रकृतिको लगानी गर्ने संभावनाहरुका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नेपाल धितोपत्र बोर्डको प्रतिनिधि संयोजक, नेपाल राष्ट्र बैंकको प्रतिनिधि सदस्य, गैरआवासीय नेपाली प्रतिनिधि सदस्य र नेपाल धितोपत्र बोर्डको प्रतिनिधि सदस्य सचिव रहेको एक कार्यदल गठन गरिएको छ । उक्त कार्य दलले पेश गरेको प्रतिवेदन माथि छलफल भई परिमार्जन सहित उक्त प्रतिवेदन पारित गर्ने निर्णय भएको थियो । प्रतिवेदनमा मुख्यतया गैरआवासीय नेपालीले नेपमालमा विदेशी मुद्रामा बैंक खाता खोल्न सक्ने व्यवस्था गर्न, गैरआवासीय नेपालीहरुको सामूहिक लगानी सम्बन्धमा, एनआरएन लगानी कोष व्यवस्थापन कम्पनी स्थापना र सामूहिक लगानी कोष नियमावली २०६७ अन्तर्गत योजना व्यवस्थापक कम्पनीको प्रवर्द्धकको रुपमालगानी गर्न सकिने व्यवस्था समावेश गरिएको छ ।

# राष्ट्रिय समन्वय परिषदद्वारा आयोजित कार्यक्रम

## एनसिसि बेल्जियमको नयाँ कार्य समितिको पदग्रहण तथा निबर्तमान कार्यसमितिको बिदाइ कार्यक्रम सम्पन्न

एनसिसि बेल्जियमको गत २९ मे मा सम्पन्न तेस्रो अधिबेशन र त्यस अन्तर्गत २६ जुन मा भएको निर्वाचनबाट निर्बाचित एनसिसि बेल्जियमको तेस्रो कार्यकाल २०११/२०१३ का कार्य समितिका पदाधिकारीहरुले हिजो एक समारोह बीच एनआरएनए युरोप क्षेत्रका उपसंयोजक रबिन्द्रमान श्रेष्ठ बाट पद तथा गोपनियताको सपथ लिएर आ-आफ्नो पदभार ग्रहण गर्नु भयो ।

उक्त कार्यक्रममा निर्बाचित अध्यक्ष श्रीमती जानकी गुरुङ्ग, उपाध्यक्ष बोधराज पौडेल, महिला उपाध्यक्ष श्रीमती अनिता लामा, महासचिव शिवकुमार बरुवाल, सचिव श्रीमती अनुजा प्रधान, कोषाध्यक्ष राम घले, सदश्यहरुमा पुरुशोत्तम सुबेदी, सोताङ्ग तामाङ्ग, पुष्पराज अधिकारी , श्याम सुन्दर उप्रेती , श्रीमती मुना राई, डा.राजु श्रीवास्तव, कर्ण बहादुर विक , काजी शेर्पा, गजेन्द्र गुरुङ्ग , श्याम कुमार श्रेष्ठ, महिलामा श्रीमती शारदा अर्याल, सुष्मा श्रेष्ठ, दिल कुमारी पुन र सरस्वति सुवेदी, विद्यार्थीमा हरि राम उपाध्याय का साथै आगामी निर्वाचित आइसिसि सदस्यद्वय अर्जुन कुमार श्रेष्ठ र पीजी शेर्पा लाई एनसिसि बेल्जियमको निर्वाचन सम्पन्न गर्नको लागि गठित निर्वाचन आयोगका निर्बाचन आयुक्त शालिग्राम गौतमले प्रमाण पत्र बितरण गर्नु भएको थियो ।

यस कार्यक्रमको लगतै एनसिसि बेल्जियमको नब निर्बाचित कार्य समितिको प्रथम कार्यक्रमको रुपमा एनसिसि बेल्जियमको निबर्तमान कार्यसमितीलाई बिदाइ तथा सम्पुर्ण बेल्जियम बासी नेपालीहरुलाई धन्यबाद् ज्ञापन कार्यक्रम सम्पन्न भयो ।

एनसिसि बेल्जियमका अध्क्षय जानकी गुरुङको अध्यक्ष्यतामा सम्पन्न यस बिदाइ कार्यक्रममा निबर्तमान कार्यसमितीका सम्पुर्ण पदाधिकरीहरुलाई अध्यक्ष जानकी गुरुङले खादा ओढाएर सम्मान तथा बिदाइ गर्नु भएको थियो ।

## एनआरएन वेल्जियमले उपप्रधानमन्त्री तथा परराष्टमन्त्री सम्मानमा एक कार्यक्रमको अयोजना

जुलाई ६, एनआरएन वेल्जियमले उपप्रधानमन्त्री तथा परराष्टमन्त्री उपेन्द्र यादवको सम्मानमा एक कार्यक्रमको अयोजना गर्यो । कार्यक्रममा नेपालको शान्ती प्रकृया राजनैतिक आर्थिक एवं एनआरएन गतिविधीको वारेमा चर्चा भएको थियो । त्यस्तै नेपालको संविधान लेखनको प्रकृयाको वारेमा पनि चर्चा भएको थियो । एनसिसि वेल्जियमका निवर्तमान अध्यक्ष पिजी शेर्पाले एक पटकको नेपाली सधैको नेपाली वारेमा चर्चा गर्दै नेपालीको वंशज र जन्मसिद्ध अधिकारको संविधानमा सुरक्षित हुनु पर्ने वताउनु भयो । कार्यक्रममा एनआरएन युरोपियन सहसंयोजक रविन्द्रमान श्रेष्ठ, आइसिसि सदस्य अर्जुन कुमार श्रेष्ठ एनसिसि अध्यक्ष जानकी गुरुङ्ग, उपाध्यक्ष अनिता लामा, सदस्य सुष्मा श्रेष्ठले मन्त्री यादवलाई खादा लगाएर सम्मान गर्नु भएको थियो । अनौपचारिक रात्रि भोजमा एनआरएन वेल्जियमका पदाधिकारी लगायत महामहिम राजदुत प्रमेश कुमार हमाल, श्रीमति संगिता हमाल, प्रथम सचिव रिता धिताल लगायत वेल्जियमबासी नेपालीहरुको उपस्थित रहेको थियो ।

यसै विच नेपाली दुतावास वेल्जियमको आयोजनामा वेल्जियममा रहको नेपाली तथा परराष्ट मन्त्री संग परिचयात्कम कार्यक्रमको अयोजना गरिएको थियो । कार्यक्रममा उपस्थित विभिन्न वक्ताहरुले नेपालको शान्ती प्रकृया, राजनैतिक, आर्थिक तथा विभिन्न गतिविधीहरुको वारेमा चर्चा गरेका थिए । कार्यक्रममा नेपाली दुतावासले जलपान कार्यकमको आयोजना गरेको थियो ।

## एनसिसि युकेको वैठक सम्पन्न

एनआरएन यूकेको कार्यसमितिको बैठक यहि जुलाई २ मा आयोजना गर्ने च्यारिटी डिनर कार्यक्रम, जुलाई २३–२५ मा मस्कोमा फार्नवोरोमा सम्पन्न भएको छ। बैठकमा संघले आगामी अगष्ट १४ मा आयोजना हुने छैटौं क्षेत्रिय सम्मेलन र सेप्टेम्बर ११ मा सम्पन्न हुने

एनआरएन यूकेको साधारण सभा तथा कार्यसमितिको निर्वाचन सम्बन्धमा छलफल गरेको थियो । साथै उक्त वेठकले निम्न गरेको थियोः

मस्कोमा आयोजना हुने छैटौं क्षेत्रीय सम्मेलनमा यूकेबाट २६ जनाको प्रतिनिधि मण्डलले भाग लिने र एनआरएनको एक पटकको नेपाली सधैंको नेपाली भन्ने नारालाई सार्थक बनाउन एनआरएनको केन्द्रिय समितिलाई अनुरोध गर्ने ।

एनआरएन यूकेको आपतकालीन राहतकोषको अभिवृद्धिको लागि संघले आगामी अगष्ट १४ तारिख, बेलुकी ६ वजे, रेडिङ्गको शेहनाई होटलमा आयोजना गरिने च्यारिटी डिनरलाई भव्यरुपमा सम्पन्न गर्ने निर्णय गरेको छ। एनआरएन यूकेको आगामी सेप्टेम्बर ११ मा आयोजना हुने चौथो साधारण सभा तथा कार्यसमितिको निर्वाचनको सम्बन्धमा यहाँका नेपाली समाचार माध्यमहरु मार्फत निर्वाचन सम्बन्धि सूचना सार्वजनिक गर्ने निर्णय लिईएको छ।

भ्रमणमा रहनुभएका नेपाली कांग्रेसका केन्द्रिय सभापति श्री सुशील कोइरालासंग एनआरएन यूकेको प्रतिनिधिमण्डलले भेट गरी नेपालको नयाँ संविधानमा एनआरएनहरुको दोहोरो नागरिकताको व्यवस्था र देशको समसामयीक राजनीतिको विषयमा गम्भिर छलफल गरेको छ। संविधानमा एकपटकको नेपाली सधैंको नेपाली भई बाँच्न पाउने गैरआवासीय नेपालीहरुको नैसर्गिक अधिकारलाई सुनिश्चित गराउन नेपाली कांग्रेसको तर्फबाट आवश्यक सहयोगको लागि माग गरिएको थियो। भेटमा श्री कोइरालाले एनआरएनले उठाउदै आएको सबै विषयहरुमा नेपाली कांग्रेस सधैं सकारात्मक र सहयोगी रहादै आएको कुरा प्रष्टयाउनु भयो। वहााले एकपटक नेपाली नागरिक रहेका नेपालीहरुले विदेशी नागरिकता लिादा नेपाली नागरिकता नगुम्ने गरी संविधानमा व्यवस्था गर्न आफुले आवश्यक पहल गर्ने विश्वास दिलाउनुभयो। वहाँले नेपाली कांग्रेसले यस विषयको गम्भिरता बुझेको र दोहोरो नागरिकताको प्रावधान नेपालको उन्नती प्रगतिको लागि नै रहेकोले यस विषयलाई नेपाली कांग्रेसले सधै सकारात्मक रुपमा लिंदै आएको कुरा बताउनुभयो। वहाँले आफु नेपाल पुग्नवित्तिकै यस विषयमा अन्य दलका नेताहरु र संवैधानिक समितिका सभापतिसंग कुरा गरी आवश्यक काम अगाडी बढाउने विश्वास दिलाउनुभयो। संघको तर्फबाट श्री कोईरालाको यस सहयोगी अभिव्यक्तिको लागि हार्दिक आभार प्रकट गरिएको छ ।

## भानु जयन्तिका अवसरमा अन्तराष्ट्रिय नेपाली साहित्य समाज टोरन्टो गठन

जुलाइ १०, टोरन्टो, क्यानडा १९८ औं भानु जयन्तिको अबसरमा कविगोष्ठी तथा अन्तराष्ट्रिय नेपाली साहित्य समाजको टोरन्टो च्याप्टर कवि मुक्ति गौतमको अध्यक्षतामा एघार सदस्यिय समिति गठन गरिएको छ । टोरन्टोको स्कार्वरोमा एनसिसि क्यानडाका अध्यक्ष नवराज गुरूङको आतिथ्यतामा भएको उक्त कार्यक्रममा ३ दर्जन कविहरूले कविता बाचन गर्न भएको थियो । जस मध्य एक दर्जन कविता अंग्रेजीमा लेखिएका थिए ।

नव निर्वाचित कार्य समितिमा अध्यक्ष- मुक्ति गौतम, सचिव- कुसुम ज्ञवाली, कोशाध्यक्ष- राधिका खरेल, र सदश्यहरूमा डा. तुलसी धरेल, नविन बैध्य, भावना पोखरेल, कल्पना अबस्थी, रामकृष्ण सर्मा र अनुप न्यौपाने रहेका छन् । टोरोन्टो भित्रका विभिन्न सिटीहरूलाइ पनि प्रतिनिधीत्व हुने गरी २ जना सदश्यहरू आवश्यक्ता अनुसार पछि कार्यसमितले थप गर्ने गरी निर्णय पनि भेलाले गरेको छ । भेलाले गोपीकृष्ण काफ्ले र गोविन्द सिह राउत लाइ सल्लाहकार मा चयन गरेको छ ।

भानु जयन्तिको विशेष कार्यक्रमको पहिलो चरणमा मैत्रीपूर्ण खेलकुद कार्यक्रम र भानुभक्तको योगदानका बारेमा कवि कुसुम ज्ञवाली ले प्रकाश पार्नु भएको थियो । स्वर्णिमा गुरूङ र माधवी गौतमले उक्त कार्यक्रम संञ्चालन गर्न भएको थियो ।

कार्यसमिती निमार्ण पछि एनआरएन अध्यक्ष नवराज गुरूङ ले सम्पूर्ण सहभागी तथा श्रष्टाहरू लाइ लागी दिवाभोज (बार्बेक्यू पार्टि) को आयोजना गर्न भएको थियो ।

## एनआरएनए फ्रान्स को सामुन्द्रिक भ्रमण

गैरआवासिय नेपाली संघ फ्रान्सले बिगतका बर्षहरु जस्तै यस बर्ष पनि २६ जुन २०११ मा सामुन्द्रिक भ्रमण फ्रान्स को अती राम्रो शहर वा समुन्द्रको किनार - प्लाज दु तुके भन्ने ठाउमा आयोजना गरेको थियो । यस भ्रमणमा गैरआवासीय नेपालीहरुका साथै







महामहिम राजदुत मोहन कृष्ण श्रेष्ठ र उहाको परिवार साथै नेपाली राजदुतावासका कर्मचारीको उपस्थिति रहेको थियो।

यस कार्यक्रममा एनआरएनए फ्रान्सका आइसिसि सदस्य हरिहर अर्याल, माहासचिब हरी सापकोटा, सहकोषाध्याक्ष भक्त वाग्ले, सचिब शोभा मैनली, सदस्य घनश्याम पौडेल, किरण केसीका साथै अन्य एनआरएनहरुको उपस्थिती रहेको थियो । कार्यक्रममा आइसिसि सदस्य हरिहर अर्यालले स्वागत मन्तब्य दिनु भएको थियो । यस्तै मन्तब्य दिने क्रमममा महामहिम राजदुत मोहन कृष्ण श्रेष्ठले एनआरएनए फ्रान्सले गरेको सामुन्द्रिक भ्रमण कार्यक्रमले फ्रान्स बासी नेपालीहरु सबैलाई रमाइलो हुनुका साथै नेपाली नेपाली बिच चिना जानी र मित्रतामा एक रुपता बनाउने हुँदा यस्तो भ्रमण सबैका लागि उपयोगी हुने कुरा बताउनु भयो र आगामी कार्यक्रमहरुमा नेपाली राजदुतावासले गर्नुपर्ने भूमिकामा निरन्तरता दिने आश्वासन दिदै आफ्नो मन्तब्य अन्त्य गर्नु भयो। यस्तै महासचिब हरी सापकोटाले सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो ।

### The new NRN NCC Oman committee establishes a Relief Fund

Election Committee of NRNA-NCC Oman has elected new committee members for 2011 to 2013 tenure. The Programme was held on Friday 24th, June 2011 at Al Masa Hall Ruwi, Muscat in the presence of NRNA-ICC Treasurer Mr. Rameshwar Shah along with several guest from other Nepalese organization in Oman such as. Nepali Samaj Oman, Ekta Samaj, Sagarmatha Samuha including other guest from outside Oman.

All official were elected unopposed. After the oath taking ceremony, the new elected president Mr. D.B. Chhettri announced several agenda and a roadmap for the coming year. This new Agenda includes several vocational training on computer and other training for ladies; who are working in the low profile sector, to make their future more secure when they return back to Nepal after completion of their work or contract. Mr. Chhetri also assured the continuation of the commitment of the committee towards the belief of over 45000 Nepalese in Oman. "Electing us unopposed is the belief of more than 45000 Nepalese and a golden opportunity to serve Nepal and Nepalese, we respect your belief and will deliver our best", he Said.

Mr. Shah thanked the old committee members and congratulated the new committee members and purposed for the establishment of a Relief Fund and donated $500.00 for the fund. The newly elected General Secretary Suraj Maskey announced the establishment of Relief Fund on behalf of new committee adding other $500.00 to the same. Mr. Bhola kathayat (Former VP) donated $100, Mr. Ishwar P. Regmi (Former advisor) donated another $100 and Mr. Ishwar Basnet (Former Member) donated $50.

### साउदी अरवमा नेपाल पर्यटन वर्ष

नेपाली राजदूतावास रियादको आयोजनामा तथा नेपाली समुदाय साउदी अरबको सहयोग र सहभागितामा ६ जुलाई २०११ को राती साउदी अरबको पुर्वी शहर खोबारस्थित दहरान इन्टरनेशनल होटलमा नेपाल पर्यटन बर्ष सफलता पुर्बक मनाइएको छ । बिभिन्न २४ वटा मुलुकहरूबाट कूल ११० जना अतिथीहरू सहभागी रहेको यस कार्यक्रममा नेपाल र नेपालको पर्यटनका बारेमा यथेष्ट जानकारीहरू पस्किएको थियो । का. बा. राजदुत हरिश्चन्द्र घिमिरेज्युले नै बिशेष समय लिई बिभिन्न स्लाइडहरू मार्फत नेपालको प्राकृतिक सुन्दरता , सांस्कृतिक सम्पदा ,पर्यटकिय स्थलहरू तथा उपलब्ध सुविधाहरूबारे विस्तृत जानकारी गराउनु भएको थियो । यस कार्यक्रममा साउदी



नागरिक फारूख जोमोलाई सगरमाथा आरोहण गरेवापत उनलाई नेपाली दूतावासका तर्फबाट का.बा. राजदूतज्युले नेपाली ढाकाको टोपी

तथा खादा पहिर्याई उपहार सहित सम्मान गर्नुभएको थियो भने नेपाली समुदायका तर्फबाट एनआरएनए साउदी अरबका अध्यक्ष धरम के.सी.ले पुष्प गुच्छाले स्वागत गर्नुभएको थियो । सगरमाथा आरोहण गर्ने जोमो साउदीका पहिलो नागरिक हुन् ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डबाट उपलब्ध गराइएको एडभेन्चर नेपाल नामको बृत्तचित्र पनि प्रदर्शन गरिएको थियो । दुतावासका तृतीय सचिव शरद पौडेलको स्वागत मन्तब्यबाट शुरू भएको यस कार्यक्रममा नेपाली समुदायका तर्फबाट आफ्नो मन्तब्य राख्दै धरम के.सी.ले उपस्थित सबै पाहुनाहरूलाई आफ्नो जीवनमा कमसेकम एकचोटी सुन्दर नेपालको भ्रमण गर्नुहुन आग्रह गर्नुभएको थियो । एनआरएनए साउदी अरबका महासचिव पुरूषोत्तम श्रेष्ठले सञ्चालन गर्नुभएको यस कार्यक्रमको अन्त्यमा समापन मन्तब्य दिनुहुंदै का.बा. राजदुतज्युले कार्यक्रममा सहभागी भइदिनु भएकोमा सबै बिदेशी पाहुनाहरूलाई धन्यवाद दिनु भयो । उहाँले कार्यक्रम आयोजनामा सघाउनु हुने नेपाली समुदायका सबै महानुभावहरुलाई सराहना गर्नु भएको थियो । यस कार्यक्रममा साउदी अरबको पुर्वी क्षेत्रका जुबैल ,कतिफ ,दमाम ,खोबार ,अबकिक ,उदैलियाबाट तथा ४५० कि.मी.को दूरी छिचोल्दै मध्य क्षेत्र) रियाद)बाट समेत उल्लेखनीय उपस्थिती रहेको थियो ।

पर्यटकिय प्रस्तुतीहरू पश्चात सबै सहभागीहरू रात्रीभोजमा सामेल हुनुभएको थियो र जाने बेलामा नेपाल पर्यटन बोर्डबाट साउदी अरब पठाइएका पर्यटन प्रबर्द्धन सामाग्रीहरू (पर्चा ,पोस्टर ,सिडी आदि) सहितको **NEPAL TOURISM YEAR 2011** लेखिएको झोला सबै सहभागीहरूलाई वितरण गरिएको थियो ।

## एनसिसि कतारको मुखपत्र दोहा दर्पण र सुरक्षा सचेतना सम्बन्धित बृत्त चित्र सार्वजनिक

दोहा, कतार। एनआरएनए–एनसिसि कतारले आफ्नो मुखपत्र दोहा दर्पण अंक ४ र सुरक्षा सचेतना सम्बन्धि बृत्त चित्र सार्वजनिक गरेको छ। गत जुन ९ तारिख विहिवार साँझ आयोजित एक कार्यक्रममा मुखपत्र र बृत चित्र सार्वजनिक गरिएको थियो। अध्यक्ष नरेन्द्र भाटको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा एनआरएनए–आईसिसि उपाध्यक्ष सागर नेपाल प्रमुख अतिथि र मध्यपुर्व संयोजक बद्रिप्रसाद पाण्डे विशेष अतिथिको रुपमा सहभागि हुनु हुन्थ्यो। त्यसरी नै उक्त कार्यक्रममा सल्लाहकार संयोजक कमलमणी गुरागाई, टि.बि.कार्की, अमृत गुरुङ लगायत कतारमा स्थापित विभिन्न संघ/संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

तीन चरणमा बाँडीएको उक्त कार्यक्रमको पहिलो चरणमा दोहा दर्पण अंक ४ सार्वजनिक गर्ने कार्यक्रम राखिएको थियो। कार्यसमितिका सचिव तथा साहित्य र प्रकाशन समितिका संयोजक तथा दोहा दर्पण अंक ४ का प्रधान सम्पादक क्रान्ति सिंहले मुखपत्र वारे प्रकाश पार्नु भएको थियो। प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरुबाट संस्थाको मुखपत्र सार्वजनिक गर्ने कार्य सम्पन्न भएको थियो।

कार्यक्रमको दोश्रो चरणमा एनआरएनए–एनसीसी कतारले तयार पारेको सुरक्षा सचेतना सम्बन्धि बृत्त चित्र सार्वजनिक गरिएको थियो। उक्त अवसरमा प्रोजेक्टरको सहयोगबाट बृत्त चित्रका केहि दृष्यहरु सहभागिहरुका लागि प्रदर्शन समेत गरिएको थियो। बृत्त चित्रमा विशेषत खाडि मुलुकमा काम गर्दा अपनाउनु पर्ने सचेतना सम्बन्धि विषयहरु समेट्ने प्रयास गरिएको छ। विशेषतः निर्माण क्षेत्र र सवारी साधनसंग सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरुको लागि उपयोगि सल्लाह र सुझावहरु समावेस गरिएको छ। सडक पार गर्दा अपनाउनु पर्ने सजगता, निर्माण क्षेत्रमा काम गर्दा अपनाउनु पर्ने सजगता र नियमित स्वास्थ्य परिक्षण लगायत खाडि मुलुकको वारेमा विस्तृत जानकारी मुलक विषयहरु बृत्त चित्रमा समावेस गर्ने प्रयास गरिएको छ। कार्यक्रममा दिईएको जानकारी अनुसार छिट्टै उक्त बृत्त चित्रको सिडी नेपाली समुदायमा वितरण गरिने छ।

तेश्रो चरणमा एनसीसी कतारले एक प्रेस विज्ञप्ती जारी गर्नुका साथै अतिथिहरुबाट मन्तव्य दिने कार्यक्रम राखिएको थियो। एनसीसी कतारको आगामी २०११–२०१३ कार्यकालको लागि परिषद सदस्यता नविकरण तथा नयाँ सदस्यताको लागि सदस्यता आव्हान गरिएको छ।

एनआरएनए–एनसीसी कतार साझा संस्था भएकोले यसलाई त्यही रुपमा बुझ्नु पर्ने कार्यक्रमका वक्ताहरुले बताउनु भएको थियो। संस्थाको प्रकृति के हो भन्ने बुझ्रेर मात्रै टिका टिप्पणी गर्दा सान्दर्भिक हुने र यसले अरुलाई भ्रममा पनि नपार्ने विषयमा चर्चा गरिएको थियो। हामी प्रवासमा रहेका नेपालीहरुको लागि एउटा मात्रै साझा संस्था भनेको एनआरएनए हो। यसमा आवद्ध हुन सबैलाई आव्हान पनि गरिएको थियो। थियो। यसरी मन्तव्य व्यक्त गर्नु हुने अतिथिहरुमा सागर नेपाल, बद्रिप्रसाद पाण्डे, कमलमणी गुरागाई, टि.बि.कार्की र अमृत गुरुङ हुनु हुन्थ्यो।

कार्यक्रमको अन्त गर्दै अध्यक्ष नरेन्द्र भाटले एनसिसि कतार सबैको साझा संस्था भएकोले यससंग सम्बन्धित कुनै पनि विषयमा छलफल गर्न हामी सधै तत्पर रहेको जानकारी गराउदै हामीसंग बाझएका कुनै विषय छन् भने बसेर छलफल गर्न खुल्ला आव्हान समेत गर्नु भएको थियो।

## एन आर एन अमेरिकाद्वारा जापानलाइ सहयोग



जापानमा गत मार्चमा आएको सुनामिद्वारा प्रभावित क्षेत्रमा सहयोगका लागि सांकेतिक सहयोग स्वरुप् एनआरएन अमेरिकाको तर्फबाट संस्थाका बोर्ड अफ डिरेक्टर तथा मिडिया सँयोजक राम चन्द्र खरेलले नेपाली राजदूत डा शंकर शर्माको उपस्थितिमा अमेरिकाका लागि जापानि राजदूत इचिरो फुजिसाकिलाइ १२ हजार् ८१३ डलरको ड्राफ्ट हस्तान्तरण गर्नु भये ।

उक्त अवसरमा नेपाली राजदूत डा शर्माले जापान नेपालको अत्यन्त निकट र सहयोगी मित्रराष्ट्र भएको बताउंदै उहाँले उद्धारकार्य राम्रोसँग हुनेमा आशा व्यक्त गर्नु भयो भने जापानी राजदूत फूजिसाकीले नेपाली जनताको मित्रताको त्यस प्रतीकलाई आफूले साह्रै ठुलो सहयोगको रुपमा लिएको उल्लेख गर्दै एनआरएन अमेरिकालाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

सो अवसरमा संयोजक खरेलले उक्त रकम एनआरएन अमेरिका, अ्मेरिकामा रहेका बिभिन्न नेपालि संस्थाहरु तथा व्यक्तिहरुबाट सहयोग स्वरुप प्राप्त भएको जानकरि दिनु हुँदै, जापानिहरुलाइ परेको यस दूखद क्षणमा जापानि जनता नेपालिहरुको मन र मस्तिस्कमा सधै रहि रहेको बताउनु भएको थियो।

सो अवसरमा मेरिल्याण्ड तथा पेन्सिलभेनियाकालागि अवैतनिक महावाणिज्यदूत प्रेमराजा महत, एनआरएन अ्मेरिका का बोर्ड सदस्य धरम विश्वकर्मा, सगरमाथा टेलिभिजनका विपिन राज उप्रेती,एनआरएन अमेरिकाकाका पूर्व कोषाधक्ष लेखनाथ भण्डारी तथा विश्वपरिक्रमाका प्रधान सम्पादक गोविन्द गिरी प्रेरणा लगायतका व्यक्तिहरुको सगभागिता रहेको थियो।

## राष्ट्रिय समन्वय परिषदका महाधिवेशनहरु सम्पन्न

यस अवधिमा अष्ट्रलिया, बेलारुस, क्यानाडा, साइप्रस, डेनमार्क, आयरल्याण्ड, इटाली, जापान, कोरीया लेवनान, नेदरल्याण्डस, न्युजिल्याण्ड, नर्वे, ओमान, रोमानीया, स्विडेन, स्विटजरल्याण्ड र ताईवानका एनसिसिहरुमा महाधिवेशन सम्पन्न भइसकेका छन् ।



NCC Cyprus




NCC Denmark